# मुगुम कार्मारोङ गाउँसभाको चौंथो गाउँसभा बैठकमा २०७६ साल आषाढ १० गते मंगलबार उपाध्यक्ष श्री छिरिंग तामांगले प्रस्तुत गर्नु भएको

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु
कर्णाली प्रदेश नेपाल

## आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तब्य

**मुगुम कार्मारोङ गाउँपालिका**

**पुल, मुगु**

**२०७६**

छिरिङ तामाङ
गाउँपालिका उपाध्यक्ष

छिरिङ तामाङ
गाउँपालिका उपाध्यक्ष

मुगुम कार्मारोंङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु, मगु
कर्णाली प्रदेश नेपाल

सभाध्यक्ष ज्यु

प्रमुख अतिथि ज्यु

अथिति ज्यु

गाउँसभाका सदस्य ज्यु हरु

गाउँसभाका सचिब ज्यु

गाउँपालिकामा कार्यरत सम्पूर्ण रास्ट्रसेवक कर्मचारी मित्र हरु ,

मुगुम कार्मारोंङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले मुगुम कार्मारोंङ गाउँपालिकाको आ.व. २०७६/०७७ को आय/व्यय विवरण यस सम्मानित चौंथो गाउँसभामा पेश गर्ने अवसर पाएकोमा म अत्यन्तै खुसि भएको छु |

बजेट तथा कार्यक्रम तर्जुमा गर्न खटिएका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी हरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु | वदलिदो परिवेश र जनचाहना अनुसारको योजना तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण राय सल्लाह उपलब्ध गराउने सबै राजनीतिक दल हरु, नागरिक समाज र गैर-सरकारी साझेदार संस्थाहरु समेत लाइ विषेश आभार व्यक्त गर्न चाहान्छु | आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि संघीय सरकार बाट सशर्त अनुदान तर्फ रु. ९ करोड ३ लाख, वित्तीय समानीकरण अनुदान तर्फ रु ६ करोड ६३ लाख र राजस्व बाँडफाड तर्फ रु ५ करोड १३ लाख समेत गरि जम्मा रु. २० करोड ७९ लाख प्राप्त हुने छ | साथै कर्णाली प्रदेश सरकार बाट राजस्व बाँडफाड तर्फ रु. १ लाख ६५ हजार र वित्तीय समानीकरण तर्फ रु. ९७ लाख ९८ हजार समेत गरि १ करोड ६३ हजार प्राप्त हुनेछ | यस गाउँपालिकाको आन्तरिक श्रोतबाट आगामी आर्थिक वर्ष ०७६/०७७ मा जम्मा रु. ४० लाख प्राप्त हुने अनुमान गरिएको छ | त्यसैगरि चालु आ.व २०७५/०७६ को बाँकी बैंक मौज्दात हुने अनुमानित रकम रु २ करोड ९९ हजार हुने अनुमान गरेको छु | आर्थिकवर्ष ०७६/०७७ मा यस गाउँपालिकामा संघीय सरकार, प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक श्रोत र चालु आ.व को बैंक मौज्दात समेतगरि रु. २४ करोड १९ लाख ६२ हजार आम्दानि हुने अनुमान गरिएको छ |

सभाध्यक्ष ज्यु,
अब म आ. व २०७५/०७६ को अनुमानित आय र ब्यायको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु |

(रु. हजारमा)

| सी.नं | आम्दानीको विवरण | रकम | सी. नं | स्वीकृत खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | संघीय वित्तीय समानिकरण | ६६३०० | १ | चालु खर्च | ५८९३७ |
| २ | प्रदेश वित्तीय समानीकरण | ९७९८ | २ | विषयगत शाखा पुँजीगत समानीकरण | १०००० |
| ३ | संघीय राजस्व बाँडफांड | ५१३०० | ३ | वडा कार्यालय तर्फ सार्वजनिक निर्माण | २७४८५ |
| ४ | प्रदेश राजस्व बाँडफांड | १६५ | ४ | विषयगत शाखा पुँजीगत शसर्त | १५००० |
| ५ | संघीय शसर्त | ९०३०० | ५ | विषयगत शाखा चालुखर्च शसर्त | ७३०० |

छिरिङ तामाङ
गाउँपालिका उपाध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अ. ल्या | २००९९ | ६ | गा.पा बाट संचालित सार्वजनिक निर्माण | ५५२४० |
| ७ | आन्तरिक राजस्व | ४००० | | जम्मा व्याय | २४१९६२ |
| | जम्मा आम्दानि | २४१९६२ | | | |

सभाध्यक्ष ज्यु
अब म आगामी आर्थिक वर्ष ०७६/०७७ को लागि निम्नानुसार विषयगत क्षेत्रमा अनुमानित खर्च हुने विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(रु.हजारमा)

| क्र.सं | विषयगत शिर्षक | विनियोजित रकम |
|---|---|---|
| १. | शिक्षा (सशर्त र समानीकरण अनुदान समेत) | रु. ५४७३० |
| २ | स्वास्थ (सशर्त र समानीकरण अनुदान समेत) | रु. २५२९७ |
| ३ | कृषि (सशर्त र समानीकरण अनुदान समेत) | रु. २५०० |
| ४ | पशू (सशर्त र समानीकरण अनुदान समेत) | रु. २१४५ |
| ५ | बन (सशर्त अनुदान) | रु. १२००० |
| ६ | प्रधानमन्त्री रोजगार (सशर्त अनुदान) | रु. ५२८ |
| ७ | उर्जा (सशर्त अनुदान) | रु. २००० |
| ८ | यातायात (सशर्त अनुदान) | रु. १००० |
| ९ | युवा तथा खेलकुद (सशर्त अनुदान) | रु. १०० |
| १० | सबै वडा कार्यालयहरु बाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुंजीगत खर्च (समानीकरण अनुदान) | रु. २७६८५ |
| ११ | गाउँपालिकाबाट संचालित सार्वजनिक निर्माण खर्च तथा अन्य विविध पुंजीगत खर्च (समानीकरण अनुदान र आन्तरिक श्रोत समेत) | रु. ५५०४० |
| १२ | चालु खर्च तर्फ (राजस्व बाँडफाड बाट प्राप्त रकम र आन्तरिक श्रोत समेत ) | रु. ५८९३७ |
| | जम्मा | २४१९६२ |

सभाध्यक्ष ज्यु ,
अन्तमा आ.व २०७६/०७७ को बजेट कार्यान्वनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु साथै गाउँपालिका भित्र रहनु भएका सबै गाउँपालिकाबासि जनता लाइ सबल, समृद्द र न्यायपूर्ण तथा विकसित गाउँपालिका निर्माणको यस महान यात्रामा सहभागी हुन र सहयोग गर्न हुन हार्दिक आह्वान गर्दछु।
धन्यवाद।

छिरिंग तामांग
उपाध्यक्ष